(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

जगरनाथपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ६ मितिः २०७९/०३/१२

**भाग-२**

**जगरनाथपुर गाउँपालिका**

## जगरनाथपुर गाउँपालिकाको शिक्षा (प्रथम संशोधन) नियमावली २०७९

जगरनाथपुर गाउँपालिकाको शिक्षा नियमावली २०७५ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

जगरनाथपुर गाउँपालिकाको शिक्षा ऐन २०७५ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी जगरनाथपुर गाउँ कार्यपालिकाले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त र प्रारम्भः** १) यी नियमहरुको नाम जगरनाथपुर गाउँपालिकाको शिक्षा (प्रथम संशोधन) नियमावली २०७९ रहेको छ।

२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२.**जगरनाथपुर गाउँपालिकाको शिक्षा नियमावली २०७५ को नियम २५ मा संशोधनः**

१)जगरनाथपुर गाउँपालिकाको शिक्षा नियमावली २०७५ (यस पछि मुल नियमावली भनिएको) को नियम २५ को उपनियम (१) को (भ), (म), (य), (र) र (ल) तथा उपनियम (२) झिकिएका छन्।

३**. मुल नियमावलीको नियम २६ मा संशोधनः-**

मुल नियमावलीको नियम २६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएका छन्ः-

१) यस नियमावली र अन्तरगत व्यवस्था भएको समितिहरुको अधिकार क्षेत्र बाहेक विद्यालय संचालन गर्न प्रत्येक सामुदायिक विद्यालयहरुमा देहाय वमोजिमको एक विद्यालय व्वस्थापन समिति रहनेछ।

क) माध्यमिक विधालयको हकमा गाउँपालिका अध्यक्ष वा निजले तोकेको अभिभावक मध्ये १ जना तथा सो भन्दा मुनिको विद्यालयको हकमा सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य - अध्यक्ष

ख) सम्बन्धित वडाको वडा अध्यक्षले तोकेको वडाको महिला सदस्य - सदस्य

ग) अभिभावकहरु मध्ये गाउँपालिका अध्यक्ष र गाउँपालिका उपाध्यक्षले संयुक्त रुपमा तोकेको समावेसी आधारमा कम्तीमा २ जना महिला सहित ४ जना - सदस्य

घ) विद्यालयलाई निरन्तर रुपमा सहयोग गर्ने शिक्षा प्रेमी समाजसेवी संस्थापक परिवार र चन्दादाताहरु मध्येबाट विधालय व्यवस्थापन समितिले मनोनित गरेका १ जना महिला सहित २ जना ‘ सदस्य

ङ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट मनोनित गरि पठाएका शिक्षक १ जना महिला सहित २ जना ‘ सदस्य

च) विद्यालय स्तरीय बालक्लबले मनोनयन गरेका एकजना बालक र एकजना बालिका गरी २ जना स्थायी आमन्त्रित — सदस्य

छ) प्रधानाध्यापक — सदस्य सचिव

४) **मुल नियमावलीको नियम २७ मा संशोधनः** मुल नियमको नियम २७ को उपनियम १ र ३ झिकिएका छन्।

५) **मुल नियमावलीको नियम ५१ मा संशोधनः** मुल नियमावलीको नियम ५१ को उपनियम (त्र) को (४) झिकिएको छ।

६) **मुल नियमावलीको नियम ५२, ५३ र ५४ मा संशोधनः** मुल नियमावलीको नियम (५२), (५३) र (५४) को सट्टा देहायको नियम (५२), (५३) र (५४) राखिएका छन् :-

**नियम (५२) :- सहायक प्रधानाध्यापक सम्बन्धि व्यवस्थाः** माध्यमिक तहको प्रधानाध्यापकलाई सहयोग पुर्याउन विद्यालयमा कार्यरत माध्यमिक तहका शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिले एकजनालाई सहायक प्रधानाध्यापक तोक्न सक्नेछ।

**नियम (५३) :- विद्यालय सहयोगी सम्बन्धी व्यवस्थाः** विद्यालय व्यवस्थापन समितिले स्वीकृत दरवन्दीको अधिनमा रही विद्यालय सहयोगीको न्यूनतम पारिश्रमिक तोकी व्यक्ति वा संस्थासँग करार गरी सेवा करारबाट कार्य सम्पादन गराउनु

पर्नेछ।

**नियम (५४) :- शिक्षक तथा कर्मचारी छनौट समितिः (**१) सामुदायिक विद्यालयमा नेपाल सरकारद्वारा स्वीकृत दरवन्दी र राहत/अनुदान कोटामा करारमा शिक्षक र विद्यालयमा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय वमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछः

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य — अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको प्रतिनिधि — सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको सम्बन्धित तहका विषय विज्ञ २ जना — सदस्य

घ) प्रधानाध्यापक — सदस्य-सचिव

(२) शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय गाउँकार्यपालिकाको कार्यालयमा रहनेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाद्वारा सिर्जना गरिएको दरवन्दीमा करार शिक्षक तथा कर्मचारी पदमा नियुक्तिका लागि सिफारिस गर्न गाउँपालिकामा देहायको शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ।

क) कार्यपालिकाको अध्यक्ष वा निजले तोकेको कार्यपालिका सदस्य — अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको प्रतिनिधि — सदस्य

ग) छनौट समितिले तोकेको विषय विज्ञ २ जना — सदस्य

घ) शिक्षा शाखा प्रमुख — सदस्य सचिव

(४) आयोगले शिक्षक वा कर्मचारी छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नु पर्नेछ।

(५) शिक्षक तथा कर्मचारी छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(६) उपनियम (३) बमोजिम सिफारिस भएको उम्मेदवारलाई गाउँ शिक्षा समितिको निर्णानुसार शिक्षा शाखाले नियुक्ति गर्नेछ।

(७) उपनियम (१) र (३) मा उल्लेख भए बमोजिमको विषय विज्ञको लागि जिल्ला भित्रबाट आधारभूत तहका लागि बि.एड. वा सो सरह, माध्यमिक तहको लागि स्नातकोत्तर वा सो सरह शिक्षा विषयमा कम्तीमा पाचँ वर्ष स्थायी नियुक्ति पाई कार्यरत शिक्षकबाट र उच्च माध्यमिक तहको लागि स्नातकोत्तर वा सो सरहको शिक्षकहरुबाट आवेदन

आह्वान गरी विषय विशेषज्ञहरुको सूची तयार पार्ने र अधयावधि गर्नुपर्नेछ।

६) **<u>मुल नियमावलीको नियम ५५ मा संशोधनः</u>** मुल नियमको नियम (५५) को सटा देहायको नियम (५५) राखिएको छ।

नियम (५५):-

(१) स्वीकृत दरवन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा व्यवस्थापन समितिले शिक्षा शाखा प्रमुख मार्फत आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम माग गरेको सूची प्राप्त भए पछि सूचीमा रहेका उम्मेदवारहरु मध्ये योग्यताक्रमको आधारमा व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियूक्ति गर्न सक्नेछ।

(३) शिक्षक सेवा आयोगले प्रकाशित गरेको करार सूचीमा सूचीकृत उम्मेदवारहरुले विज्ञापन प्रकाशित भएको मितिले ७ दिन भित्र सम्बन्धित विद्यालयमा निवेदन दिनुपर्नेछ।

(४) उपनियम (१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियूक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेको व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ।

(५) उपनियम (२) वा (३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा शिक्षा शाखाबाट दरवन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ।

(६) उपनियम (३) बमोजिम शिक्षक नियुक्ति गर्न कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुका साथै वडा कार्यालय गाउँ कार्यपालिकाको कार्यालय र सम्बन्धित विद्यालय समेतमा त्यस्तो सूचना टाँस्नु पर्नेछ। यस्तो सूचना सम्बन्धित स्थानिय तहको वेवसाइटमा समेत राख्ने व्यवस्था मिलाउनु पर्ने छ।

(७) उपनियम (३) बमोजिम शिक्षक पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता नेपाली नागरिक्ताको प्रमाणपत्र निवेदन साथ पेश गर्नु पर्नेछ।

(८) विद्यालयले यस नियम बमोजिम करारमा शिक्षक नियुक्त गरेको जानकारी शिक्षा शाखालाई दिनु पर्नेछ र शिक्षाले अभिलेख राखेको प्रमाण विद्यालयलाई दिनु पर्नेछ।

(९) उपनियम (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा शिक्षक नियुक्ति भएको एक शैक्षिक सत्र सम्म पनि रिक्त पदमा स्थायी पद पुर्ति नभएमा व्यवस्थापन समितिले पुन करारको म्याद थप गर्न सक्नेछ ।

(१०) उपनियम (९) बमोजिम करार गरिएको जानकारी विद्यालयले शिक्षा शाखालाई दिनु पर्नेछ ।

(११) यस नियम बमोजिमको प्रक्रिया नपुर्याई शिक्षक नियुक्ति गरेमा त्यस्तो नियुक्ति बदर गरी सम्बन्धित प्रधानाध्यापकलाई विभागीय कारबाही गरिनेछ।

**७) मुल नियमावलीको नियम १०९ मा संशोधनः**

मुल नियमावलीको नियम १०९ को सट्टा देहायको नियम १०९ राखिएको छः

नियम (१०९) : यस नियमावलीको कार्यान्वयनमा कुनै कठिनाई वा वाधा अडचन आएमा गाउँकार्यपालिकाको बैठकको निर्णयबाट बाधा अडकाउ फुकाउ गरिनेछ।

आज्ञाले,

कृष्ण नन्दन राय

प्रमुख प्रशासकीय अधिकृत